नेपाल सरकार

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## निरीक्षण अनुगमन सम्बन्धी विवरण

मितिः२०८३/०६/२७

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट मिति २०८३-०६-१८ देखि २०८३-०६-२४ सम्म सम्पन्न अनुगमन निरिक्षण विवरण।

| सि.नं. | मिति | खाद्य व्यवसायको विवरण | अनुगमन गर्दाको अवस्था/ कैफियत | निर्देशन / कारबाही |
|---|---|---|---|---|
| १ | २०८३/०६/१९ | शुभ ओजस सप्लायर्स, गोकर्णेश्वर न.पा.-४ काठमाण्डौं | • मकालु वाइन ईन्डष्ट्रिज, संखुवासभा बाट उत्पादित वाइन, स्टोरमा भण्डारण गरी राखेको अवस्थामा २२३२ बोतल ६५० मि.लि. को र ६६ पाकेट ४ लि. को वाइनको बोतल भित्र आँखाले देखिने गरी लेदो जस्तो बस्तु देखिएको,<br>• झरुवारासी गोदावरी, ललितपुर बाट उत्पादित वाइन, स्टोरमा भण्डारण गरी राखेको अवस्थामा ४२० बोतल ६५० मि.लि. आँखाले देखिने गरी लेदो जस्तो बस्तु | • **शंकास्पद खाद्य पदार्थ वाइनहरूको स्टक स्थानिय जनप्रतिनिधिको रहोबरमा खाद्य पदार्थको धनिको जिम्मामा रहनेगरी नियमानुसार रोक्का राखी नमूना संकलन गरिएको।** |
| २ | २०८३/०६/१९ | वि.एस.के.ब्रदर स्टोर, म.न.पा.-१३, कालिमाटी, काठमाडौं | • सरसफाई तथा किट नियन्त्रणको व्यवस्था सामान्य पाइयो,<br>• किराना जन्य पदार्थ बिक्रि वितरण गरेको पाइयो,<br>• उपभोग्य मिति गुज्रेका खाद्य पदार्थहरु नपाइएको,<br>• खाद्य तथा अखाद्य बस्तु संगसंगै भण्डारण गरेको नपाइएको। | • उपभोग्य मिति गुज्रेको खाद्य पदार्थ भण्डारणको व्यवस्था गर्ने (expiry zone),<br>• अनुमति लिएको उद्योगबाट उत्पादित खाद्य पदार्थ मात्र बिक्रि वितरण गर्ने,<br>• खाद्य तथा अखाद्य वस्तु अलग अलग भण्डारण गर्ने। |

| | | | | |
|---|---|---|---|---|
| ३ | २०८३/०६/१९ | महाकाल ट्रेड लिंक, काठमाडौं म.न.पा.-१३, कालिमाटी, काठमाडौं | • सरसफाई सामान्य पाइयो,<br>• किट नियन्त्रणको लागि mouse trap प्रयोग गर्ने गरेको पाइयो,<br>• अनुमतीपत्र प्राप्त उद्योगको उत्पादन मात्र खरिद बिक्रि गर्ने गरेको पाइयो,<br>• म्याद गुज्रेको खाद्य पदार्थ बिक्रि वितरण गरेको नपाइएको। | • खाद्य स्वच्छताको प्रावधान पालना गर्ने,<br>• खाद्य तथा अखाद्य वस्तु अलग अलग भण्डारण गर्ने। |
| ४ | २०८३/०६/१९ | अन्जली खाद्य किराना स्टोर, काठमाडौं म.न.पा. -१४, कालिमाटी, काठमाडौं | • किराना तथा मसला जन्य खाद्य पदार्थ बिक्रि वितरण गरेको पाइयो,<br>• बिना लेबलका (बोरा खोलि युनिट प्याक बनाइ) प्याक बिक्रि वितरण गरेको पाइयो,<br>• सरसफाई सन्तोषजनक पाइयो,<br>• उपभोग्य मिति गुज्रेको खाद्य पदार्थ नपाइएको। | • पूर्ण लेबल विवरण भएको तथा अनुमति लिएको खाद्य उद्योगबाट उत्पादित खाद्य पदार्थ मात्र बिक्रि वितरण गर्ने,<br>• खाद्य स्वच्छताको प्रावधान पालना गर्ने। |
| ५ | २०८३/०६/१९ | शिवांश ट्रेड लिंक, काठमाडौं म.न.पा.-१३, कालिमाटी, काठमाडौं | • किट व्यवस्थापन सामान्य पाइयो,<br>• सरसफाई सामान्य रहेको पाइयो,<br>• दाल, चामल, तेल जन्य पदार्थ बिक्रि वितरण गर्ने गरेको पाइयो,<br>• प्रशोधित खाद्य पदार्थको उपभोग्य मिति गुज्रेको नपाइएको। | • खाद्य स्वच्छताको प्रावधान पालना गर्ने,<br>• Expired zone तथा return समान राख्ने ठाउँको व्यवस्था गर्ने,<br>• उचित भण्डारण व्यवस्था गर्ने। |
| ६ | २०८३/०६/१९ | मुकेश खाद्य स्टोर्स, काठमाडौं म.न.पा. -१४, कालिमाटी, काठमाडौं | • खाद्य तथा अखाद्य बस्तु संगसंगै भण्डारण गरेको पाइयो,<br>• सरसफाई सामान्य रहेको पाइयो,<br>• उपभोग्य मिति गुज्रेको खाद्य पदार्थ नपाइएको। | • खाद्य तथा अखाद्य वस्तु अलग अलग भण्डारण गर्ने,<br>• सम्बन्धित निकायमा दर्ता गर्ने,<br>• Expired zone को व्यवस्था गर्ने,<br>• अनुमति लिएको उद्योगबाट उत्पादित खाद्य पदार्थ मात्र बिक्रि वितरण गर्ने। |

नेपाल सरकार स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग बबरमहल, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| ७ | २०८३/०६/१९ | बुढानिलकण्ठ नेचर क्याम्पिङ, बुढानिलकण्ठ -५, दुलालगाँउ, काठमाण्डौं | • भान्सा कोठाको फ्रिजमा शाकाहारी र मांसहारी खाद्य पदार्थ सँगै राखेको पाइयो,<br>• भान्सा कोठामा सिन्थेटिक खाद्य रङ पाइयो,<br>• किट व्यवस्थापन नभएको साथै साङ्लाको बाख्लो उपस्थिती पाइयो,<br>• भण्डारण कक्षमा उपभोग्य मिति समाप्त भएको बेशन ९ पाकेट, मेथी ९ पाकेट, प्रशोधित दुध ३ पाकेट पाइयो।<br>• शाकाहारी र मांसहारी खाद्य पदार्थको लागि एउटै चपिङ्गबोर्ड प्रयोग गरेको पाईयो। | • उपभोग्य मिति समाप्त भएको खाद्य पदार्थ गरियो,<br>• खाद्य स्वच्छता कायम हुनेगरी देखिएको कैफियत सुधार गरि सप्रमाण ३ दिन भित्र विभागमा उपस्थित हुन निर्देशन दिइयो,<br>• स्पष्ट देखिने गरी बिग्रेको मसलाहरू नष्ट गरियो। |
| ८ | २०८३/०६/१९ | Shree B.I.E.T बुढानिलकण्ठ -२, काठमाण्डौं | • बुढानिलकण्ठ-२, काठमाण्डौं स्थित श्री वि.आइ. ई. टि. बाट उत्पादन भई निर्यातको क्रममा रहेको धुलो खुर्सानीमा Aflatoxin B1 र Total Aflatoxin को मात्रा उच्च देखिएकोले RASFF Notification जारि भएकोमा आवश्यक कार्यवाहीको लागी सुचना प्राप्त भएकोले मिति २०८३/०४/२८ को अनुगमनमा शंकास्पद स्टक रोक्का राखी नमूना संकलन भएको थियो। | • मिति २०८३/०४/२८ को अनुगमनमा शंकास्पद स्टक रोक्का राखी नमूना संकलन भएकोमा नमुना परिक्षण प्रतिवेदनको आधारमा उद्योगी स्वयंले तिखालाल ब्राण्डको खुर्सानीको धुलो २० केजी नष्ट गरेको। |
| ९ | २०८३/०६/१९ | कंकगाली यूनि ग्रोसरी ,चन्द्रागिरी न.पा. १२., काठमाडौं | • सरसफाई तथा भण्डारण सन्तोषजनक रहेको पाइयो। | • लेबल विवरण नभएको तथा खाद्य अनुमति नभएका खाद्य पदार्थ खरिद एवं बिक्रि नगर्ने,<br>• लेबल विवरणमा उल्लेख भए बमोजिम तापक्रम, आद्रता कायम गरेर भण्डारण गर्ने। |

| | | | | |
|---|---|---|---|---|
| १० | २०८३/०६/१९ | सम्झना खाद्यान्न स्टोर चन्द्रागिरी न.पा १२, काठमाडौं | • खाद्यान्न भण्डारण गर्दा प्यालेट प्रयोग नभएको पाइयो। | • खाद्यान्न भण्डारण गर्दा प्यालेट प्रयोग गर्ने,<br>• Cleaning agent लाई खाद्य पदार्थमा संक्रमण नहुने गरी भण्डारण गर्ने,<br>• लेबल विवरण नभएको तथा खाद्य अनुमति नभएका खाद्य पदार्थ खरिद एवं बिक्रि नगर्ने। |
| ११ | २०८३/०६/१९ | महिमा मिनी मार्ट , चन्द्रागिरी न.पा.-१२, काठमाडौं | • म्याद नाघेको खाद्य पदार्थ- अचार (४०० ग्रा.)-२ थान, चोकोज (१२६ ग्रा)२ थान, भुजिया (१०० ग्रा.)-२ थान, दालमोठ (५००ग्रा)-१ थान, पराठा-१ थान पाइयो। | • लेबल विवरण नभएको तथा खाद्य अनुमति नभएका खाद्य पदार्थ खरिद एवं बिक्रि नगर्ने,<br>• म्याद नाघेका खाद्य पदार्थ राख्न Expire zone बनाउने,<br>• लेबल विवरणमा उल्लेख भए बमोजिम तापक्रम ,आद्रता कायम गरेर भण्डारण गर्ने,<br>• कैफियतमा उल्लेख भएका म्याद नाघेका खाद्य पदार्थ नष्ट गरियो। |
| १२ | २०८३/०६/१९ | न्यू डि.डि.एस. स्टोर, चन्द्रागिरी न.पा.-१२, काठमाडौं | • म्याद गुज्रेको- मखना (२५० ग्राम)-२ थान, भिभा (५०० ग्राम)-२ थान, पानीपुरी मसला-५ थान, तोरी तेल (५०० मि.लि.)-१० थान, बदाम (७० ग्राम)-९ थान पाइयो। | • लेबल विवरण नभएको तथा खाद्य अनुमति नभएका खाद्य पदार्थ खरिद एवं बिक्रि नगर्ने,<br>• खाद्य पदार्थको भण्डारण उचित तवरले गर्ने,<br>• लेबल विवरणमा उल्लेख भए बमोजिम तापक्रम, आद्रता कायम गरेर भण्डारण गर्ने,<br>• कैफियतमा उल्लेख भएका म्याद नाघेका खाद्य पदार्थ नष्ट गरियो। |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| १३ | २०८३/०६/१९ | श्रीष्टिका जनरल स्टोर, चन्द्रागिरी न.पा.-६, काठमाडौं | • Expire Zone declare गरेको पाइयो,<br>• सरसफाई सन्तोषजनक रहेको पाइयो। | • लेबल विवरण नभएको तथा खाद्य अनुमति नभएका खाद्य पदार्थ खरिद एवं बिक्रि नगर्ने,<br>• फ्रीजमा शाकाहारी र मांसहारी खाद्य पदार्थलाई अलग अलग भण्डारण गर्ने,<br>• खाद्य पदार्थको प्याकिङ्गमा मसिजन्य पत्रिका प्रयोग नगर्ने,<br>• फ्रिजमा खाद्य पदार्थ भण्डारण गर्दा तापक्रम नियमन गरी क्यालिब्रेसन समेत गराउने। |
| १४ | २०८३/०६/१९ | कल्प वृक्ष जनरल स्टोर ,चन्द्रागिरी न.पा. ७, काठमाडौं | • सरसफाई सन्तोषजनक रहेको,<br>• म्याद नाघेका करी पाउडर (५० ग्राम)-२ थान, कास्मिरी मिर्च (५० ग्राम)-१ थान, गार्लिक अचार (२०० ग्राम)-१ थान पाइयो। | • रासायनिक पदार्थको भण्डारण खाद्य पदार्थबाट अलग गर्ने,<br>• कैफियतमा उल्लेख भएका म्याद नाघेका खाद्य पदार्थ नष्ट गरेको,<br>• लेबल विवरण नभएको तथा खाद्य अनुमति नभएका खाद्य पदार्थ खरिद एवं बिक्रि नगर्ने,<br>• साग सब्जी तथा तरकारीको भण्डारण उचित तरिकाले गर्ने। |
| १५ | २०८३/०६/१९ | न्यू पाण्डे सप्लायर्स , चन्द्रागिरी न.पा.-७, काठमाडौं | • सरसफाई सन्तोषजनक नरहेको,<br>• म्याद नाघेका कन फ्लेक्स (५०० ग्राम)-२ थान, पिस्ता (१ के.जी.)-१ थान, चम्सुर (१ के.जी.)-१ थान, आलस (१ के.जी.)-१ थान, भेजिटेबल सस-३ थान, टोमाटो सस-५ थान, टुना-३ थान, मिश्री- १ के.जी., भुजिया (५०० ग्राम)-१ थान पाइयो। | • आयोडिन नुन तथा Light sensitive खाद्य पदार्थ घामको प्रत्यक्ष सम्पर्कमा नआउने गरी भण्डारण गर्ने,<br>• खाद्य पदार्थलाई रासायनिक पदार्थबाट अलग भण्डारण गर्ने,<br>• लेबल विवरण नभएको तथा खाद्य अनुमति नभएका खाद्य पदार्थ खरिद एवं बिक्रि नगर्ने,<br>• लेबल विवरणमा उल्लेख भए बमोजिम तापक्रम, आद्रता कायम गरेर भण्डारण गर्ने,<br>• म्याद नाघेका खाद्य पदार्थ नष्ट गरियो। |

| | | | | |
|---|---|---|---|---|
| १६ | २०८३/०६/१९ | सत साहेब किराना , चन्द्रागिरी न.पा. ७, काठमाडौं | • सरसफाई सन्तोषजनक रहेको,<br>• दालजन्य पदार्थको प्याकिङ्ग गरी बिक्रि बितरण गरेको। | • लेबल विवरण नभएको तथा खाद्य अनुमतिपत्र नभएका खाद्य पदार्थ खरिद एवं बिक्रि नगर्ने,<br>• खाद्य पदार्थलाई रासायनिक पदार्थबाट अलग भण्डारण गर्ने,<br>• दालजन्य पदार्थको प्याकिङ्ग गरी बिक्रि बितरण नगर्ने। |
| १७ | २०८३/०६/१९ | माई मार्ट इन्डष्ट्रिज प्रा.ली. चन्द्रागिरी न.पा. ५, काठमाडौं | • सरसफाई तथा खाद्यान्न भण्डारण सन्तोषजनक रहेको पाइयो। | • लेबल विवरण नभएको तथा खाद्य अनुमतिपत्र नभएका खाद्य पदार्थ खरिद एवं बिक्रि नगर्ने,<br>• लेबल विवरणमा उल्लेख भए बमोजिम तापक्रम, आद्रता कायम गरेर भण्डारण गर्ने,<br>• खाद्य पदार्थलाई रासायनिक पदार्थबाट अलग भण्डारण गर्ने। |
| १८ | २०८३/०६/१९ | हाइ भिजन डेरी , चन्द्रागिरी न.पा ७, काठमाडौं | • सरसफाई सन्तोषजनक रहेको पाइयो।<br>• दुग्धजन्य पदार्थको भण्डारण सन्तोषजनक रहेको पाइयो। | • दुग्धजन्य पदार्थको दुवानी गर्दा Cold chain maintain गरी गर्ने,<br>• फ्रीजको तापक्रम अभिलेख राख्ने तथा क्यलिब्रेसन समेत गराउने,<br>• लेबल विवरण नभएको तथा खाद्य अनुमतिपत्र नभएका खाद्य पदार्थ खरिद एवं बिक्रि नगर्ने। |
| १९ | २०८३/०६/१९ | अर्गानिक गाउँले स्टोर ,चन्द्रागिरी न.पा ७, काठमाडौं | • सरसफाई सन्तोषजनक रहेको पाइयो।<br>• खाद्य पदार्थको भण्डारण सन्तोषजनक रहेको पाइयो। | • लेबल विवरण नभएको तथा खाद्य अनुमति नभएका खाद्य पदार्थ खरिद एवं बिक्रि नगर्ने।<br>• खाद्य पदार्थलाई रासायनिक पदार्थबाट अलग भण्डारण गर्ने। |

| | | | | |
|---|---|---|---|---|
| २० | २०८३/०६/१९ | साथी फ्रेस मार्ट , चन्द्रागिरी न.पा. ७, काठमाडौं | • सरसफाई सन्तोषजनक रहेको पाइयो।<br>• खाद्य पदार्थको भण्डारण सन्तोषजनक रहेको पाइयो। | • Cleaning agent लाई खाद्य पदार्थमा संक्रमण नहुने गरी भण्डारण गर्ने,<br>• लेबल विवरण नभएको तथा खाद्य अनुमति नभएका खाद्य पदार्थ खरिद एवं बिक्रि नगर्ने,<br>• किट नियन्त्रणलाई प्रभावकारी कार्यान्वयन गर्ने । |
| २१ | २०८३/०६/१९ | दिब्य अरोमा रेष्टुरेन्ट एण्ड बार, चन्द्रागिरी न.पा.७, काठमाडौं | • सरसफाई सन्तोषजनक रहेको पाइयो,<br>• फ्रीजमा भण्डारण गर्दा शाकाहारी र मांसहारी खाद्य पदार्थलाई एकै ठाउँमा रहेको पाइयो। | • भान्सामा किट नियन्त्रणलाई प्रभावकारी कार्यान्वयन गर्ने,<br>• फ्रीजमा भण्डारण गरिएका खाद्य पदार्थमा पहिचान पद्दति कायम गर्ने,<br>• फ्रीजमा भण्डारण गर्दा शाकाहारी र मांसहारी खाद्य पदार्थ, काचो तथा पाकेको खाद्य पदार्थ संक्रमण नहुने गरी भण्डारण गर्ने,<br>• भान्साको झ्याल ,ढोका तथा भेन्टिलेसनमा जाली लगाउने। |
| २२ | २०८३/०६/१९ | ब्रदर्स किराना पसल, चन्द्रागिरी न.पा.६, काठमाडौं | • खाद्य पदार्थको भण्डारणमा उचित व्यवस्थापन गर्नुपर्ने देखियो। | • लेबल विवरण नभएको तथा खाद्य अनुमतिपत्र नभएका खाद्य पदार्थ खरिद एवं बिक्रि नगर्ने।<br>• Cleaning agent लाई खाद्य पदार्थमा संक्रमण नहुने गरी भण्डारण गर्ने,<br>• खाद्य पदार्थको भण्डारण उचित व्यवस्थापन गर्न ठाउँको व्यवस्था गर्ने। |
| २३ | २०८३/०६/१८ | कन्ट्री क्याफे एंड ममज प्रा.लि., काठमाडौं म.न.पा.-२२, खिचापोखरी, काठमाडौं | • व्यवसाय काठमाडौं मनपा -२२ मा व्यवसाय दर्ता गरि प्यान पनि लिएको पाइयो,<br>• क्याफे जन्य खाद्य पदार्थ बिक्रि वितरण गर्ने गरेको पाइयो,<br>• लस्सीको बिक्रि वितरण क्याफेबाट गरेको पाइयो,<br>• भान्साको सरसफाई तथा किट नियन्त्रण सामान्य पाइयो। | • खाद्य स्वच्छता कायम राख्ने।<br>• सरसफाई तथा किट नियन्त्रणको व्यवस्था थप प्रभावकारी गर्ने। |

| | | | | |
|---|---|---|---|---|
| २४ | २०८३/०६/१८ | किम्ची फास्ट फूड एण्ड तन्दुरी रेष्टुरेन्ट प्रा.लि.,काठमाडौं-२९, अनामनगर, काठमाडौं | • रेष्टुरेन्टको सरसफाईको व्यवस्था सामान्य रहेको पाइयो,<br>• कीट नियन्त्रणको व्यवस्थापनका लागि बाह्य किट नियन्त्रक प्रयोग गरी नियमित किट नियन्त्रण गर्ने गरेको पाइयो,<br>• जीवित कीटजन्य जीव भान्सा तथा भण्डारणमा नदेखिएको,<br>• व्यक्तिगत सरसफाईको अवस्था सामान्य रहेको पाइयो,<br>• तार्नका लागि प्रयोग भएको तेलको TPM value ९ भई मापदण्ड अनुकूल पाइयो,<br>• भण्डारणमा उपभोग्य मिति गुज्रेका खाद्य पदार्थहरु नरहेको पाइयो। | • सेवा प्रदायकको दायित्व पुरा गर्न हुन,<br>• कीट नियन्त्रणको व्यवस्था प्रभावकारी रुपमा गर्न,<br>• सरसफाइमा विशेष ध्यान दिन र खाद्य स्वच्छता कायम राख्न,<br>• खाद्य पदार्थको गुणस्तर सुनिश्चतता पश्चातः मात्र बिक्रि वितरण गर्ने निर्देशन दिइयो। |
| २५ | २०८३/०६/२० | झरना प्योर ड्रिकिङ्ग वाटर प्रा., लि, दक्षिणकाली न. पा. -१ | • पुरानो कुच्चिएको, कोत्रिएको बाह्र (१२) थान जार प्रयोगमा रहेको पाइएको<br>• उद्योगमा सरसफाईको अवस्था सामान्य रहेको,<br>• RO section मा रहेको पाइप लिकेज भएको। | • पुरानो कुच्चिएको र कोत्रिएको बाह्र (१२) थान जारहरु नष्ट गरियो,<br>• लिकेज भएको पाईपहरु मर्मत सम्भार गर्न,<br>• प्रत्येक ब्याचको रेकर्ड राख्न हुन<br>• थप अनुसन्धान गर्न प्रयोगशाला परिक्षणका लागि प्रशोधित पिउँने पानी (जार) को नमूना संकलन गरियो,<br>• प्रशोधित पिउँने पानी उत्पादन मापदण्ड निर्देशिका, २०७४ बमोजिम पर्शोधित पानी उत्पादन गर्न निर्देशन दिईएको। |

| | | | | |
|---|---|---|---|---|
| २६ | २०८३/०६/२० | चम्पादेवी खानेपानी उद्योग, किर्तीपुर न. पा. - ४ | • जार सफा गर्ने स्थान व्यवस्थित नरहेको,<br>• पानी प्रशोधन गर्ने कक्षमा पाईपहरु लिकेज भएको अवस्थामा रहेको<br>• सरसफाईको अवस्था सामान्य रहेको,<br>• व्यक्तिगत सरसफाईको अवस्था सन्तोषजनक रहेको,<br>• प्रशोधन कक्ष व्यवस्थित नरहेको पाइयो। | • प्रत्येक ब्याचको रेकर्ड राख्न हुन<br>• जार सफा गर्ने स्थान तथा प्रशोधन कक्ष व्यवस्थित गर्न,<br>• लिकेज भएको पाईपहरु मर्मत गर्न,<br>• थप अनुसन्धान गर्न प्रयोगशाला परिक्षणका लागि प्रशोधित पिउँने पानी (जार) को नमूना संकलन गरियो,<br>• प्रशोधित पिउँने पानी उत्पादन मापदण्ड निर्देशिका, २०७४ बमोजिम पर्शोधित पानी उत्पादन गर्न निर्देशन दिईएको। |
| २७ | २०८३/०६/२० | नमुना डेरी पसल नागार्जुन नगरपालिका - ०१, काठमाडौं<br>आकस्मिक (-यापिड रेस्पोनस मोडालिटिमा) | • दूध, दहीको गुणस्तर शंका लागि जाँचका लागि परेको गुनासो सम्बोधनका लागि अनुगमन गरी खुल्ला दुध परीक्षण गर्दा Neutralizer, starch उपस्थित नरहेको पाइयो,<br>• पुर्ण लेवल विवरण नभएको पनिर र घिउ पाइयो<br>• सरसफाईको अवस्था सामान्य रहेको पाइयो,<br>• डेरी उद्योगमा रहेको घिउको Refractive Index परिक्षण गर्दा १.४५४३ भई मापदण्ड अनुकूल पाइएको। | • खाद्य स्वच्छता कायम गर्न,<br>• डेरी दर्ता नभएकोले तत्काल दर्ता प्रक्रिया अगाडी बढाउन निर्देशन दिईएको। |

नेपाल सरकार स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग बबरमहल, काठमाण्डौ

| | | | | |
|---|---|---|---|---|
| २८ | २०८३/०६/२० | शुभ बिहानी मिल्क हाउस नागार्जुन नगरपालिका - ०१, काठमाडौं आकस्मिक (र्‍यापिड रेस्पोनस मोडालिटिमा) | • फ्रीजमा पुर्ण लेवल विवरण नभएका पनिर र नौनी पाइयो,<br>• कीट नियन्त्रणको व्यवस्था नगरेको पाइयो,<br>• खुल्ला दुध परीक्षण गर्दा Neutralizer, starch उपस्थीत नरहेको पाइयो,<br>• मिल्क हाउसमा रहेका मिठाईमा स्टार्च परीक्षण गर्दा उपस्थीत नरहेको पाइयो,<br>• सरसफाईको अवस्था सामान्य रहेको पाइयो। | • अनुमतिपत्र लिएका उद्योगबाट मात्र खाद्य पदार्थ खरिद गर्न,<br>• खाद्य स्वच्छता कायम गर्न,<br>• खाद्य पदार्थमा अनिवार्य रुपमा लेवल विवरण उल्लेख गर्न निर्देशन दिइएको। |
| २९ | २०८३/०६/२० | सजना ड्राई फुड प्रोडक्ट्स तार्केश्वर नगरपालिका - ०३, काठमाडौं आकस्मिक (र्‍यापिड रेस्पोनस मोडालिटिमा) | • दूध, दहीको गुणस्तरमा शंका लागि जाँचका गरिदिनु हुन भनी परेको गुनासो सम्बोधनका लागि अनुगमन गर्दा भण्डारण कक्ष अव्यवस्थित रहेको पाइयो,<br>• उद्योगमा चिप्स उत्पादन गर्दै गरेको अवस्थामा पाइयो,<br>• चिप्स तार्न प्रयोग भएको तेलको TPM value ८.० भई मापदण्ड अनुकूल रहे पनि संगै अर्को कराइमा रहेको तेलको TPM value २६.५ भई मापदण्ड प्रतिकूल पाइयो,<br>• उद्योगको ठाउँ सारी गरेको पाइयो,<br>• चिप्सका पुराना लेवल भण्डारण कक्षमा पाइएको,<br>• सरसफाईको अवस्था सामान्य रहेको।<br>• कीट नियन्त्रणकोको व्यवस्था नगरेको पाइयो। | • TPM value २६.५ आएको तेल करिब ३० लिटर नष्ट गरियो,<br>• थप अनुसन्धान गर्न प्रयोगशाला परिक्षणका लागि चिप्स तथा दालमोठको नमूना संकलन गरियो। |

| | | | | |
|---|---|---|---|---|
| ३० | २०८३/०६/२० | बगान थकाली प्रा.लि काठमाडौं महानगरपालिका -२६, काठमाडौं आकस्मिक (-यापिड रेस्पोनस मोडालिटिमा) | • बासी खाना, सडे गलेको खाना खुवाउने गरेको भनी परेको गुनासो सम्बोधनका लागि अनुगमन गर्दा सरसफाईको अवस्था सन्तोषजनक नरहेको पाइयो,<br>• कीट नियन्त्रणको व्यवस्था नगरेको पाइयो,<br>• फ्रीज अव्यवस्थित भई शाकाहारी र मांसहारी खाद्य पदार्थ संगै भण्डारण गरेको पाइयो,<br>• उपभोग्य मिति नाघेको सिरप, चकलेट र आँटा पाइयो र आटामा मरेको साङ्ला पाइयो,<br>• भान्छा र भाडा माझ्ने स्थान संगै रहेको पाइयो। | • उपभोग्य मिति नाघेका खाद्य पदार्थ नष्ट गरियो,<br>• थप कारबाहीका लागि काठमाडौं महानगरपालिकाद्वारा प्रक्रिया अगाडी बढाइयो। |
| ३१ | २०८३/०६/२२ | श्री शिव फूड्स प्रा.लि. (शाखा कार्यालय) काठमाडौं म.न.पा.-१०, बानेश्वर, काठमाडौं | • फ्रिजमा पाकेको र नपाकेको खाद्य पदार्थ अव्यवस्थित तरिकाले भण्डारण गरेको पाइयो,<br>• मोबाइल भ्यानको प्रयोगशालामा खुवा बर्फी, खुवा बदाम, रसबरी र कलाकनको नमूना संकलन गरी परिक्षण गर्दा मापदण्ड अनुकुल पाईयो,<br>• तेलको TPM भ्यालु ७.५ भई मापदण्ड अनुकूल पाइयो,<br>• समग्र सरसफाई तथा व्यक्तिगत सरसफाईको अवस्था सामान्य रहेको पाइयो। | • फ्रिजमा पाकेको र नपाकेको खाद्य पदार्थ व्यवस्थित तरिकाले भण्डारण गर्न,<br>• खाद्य स्वच्छता कायम गरी खाद्य पदार्थ तयारी तथा बिक्रीवितरण गर्न निर्देशन दिइयो। |

| | | | | |
|---|---|---|---|---|
| ३२ | २०८३/०६/२२ | खुवा बेकरी, काठमाडौं म.न.पा.-१०, प्रयोगमार्ग, काठमाडौं | • खुवा तयार गर्ने स्थान अव्यवस्थित रहेको पाइयो।<br>• तयारी भइसकेको खाद्य पदार्थ (खुवा) नछोपी भण्डारण गरेको पाइयो,<br>• भाडा माझ्ने स्थान अव्यवस्थित रहेको पाइयो,<br>• मोबाइल भ्यानको प्रयोगशालामा बेकरीद्वारा उत्पादित खुवाको नमूना संकलन गरी परिक्षण गर्दा मापदण्ड अनुकुल पाईयो,<br>• बेकरीको समेत सरसफाई तथा व्यक्तिगत सरसफाईको अवस्था सामान्य रहेको पाइयो,<br>• कीट नियन्त्रणको व्यवस्था प्राभावकारी नरहेको पाइयो। | • तयार भएको खाद्य पदार्थ छोपेर व्यवस्थित तरिकाले भण्डारण गर्न,<br>• कीट नियन्त्रण व्यवस्थित गरी थप प्रभावकारी रुपले लागु गर्न,<br>• कृत्रिम रंग हालेपछि खाद्य पदार्थ नपकाउने,<br>• खाद्य स्वच्छता कायम गरी खाद्य पदार्थ तयारी तथा बिक्रीवितरण गर्न निर्देशन दिइयो। |
| ३३ | २०८३/०६/२२ | सेकुवा चौकी घर, काठमाडौं म.न.पा.-१०, प्रयोगमार्ग, काठमाडौं | • सरसफाईको अवस्था सन्तोषजनक नरहेको पाइयो,<br>• भान्सामा फोहोरदानी खुल्ला रुपमा प्रयोग गरेको पाइयो,<br>• भाडा माझ्ने ठाउँ अव्यवस्थित रहेको पाइयो,<br>• फ्रिजमा खाद्य पदार्थहरु अव्यवस्थित तरिकाले भण्डारण गरेको पाईयो,<br>• कीट नियन्त्रणको व्यवस्था प्रभावकारी नरहेको पाइयो।<br>• व्यक्तिगत सरसफाईको अवस्था सामान्य रहेको पाइयो। | • कीट नियन्त्रण व्यवस्थित गरी थप प्रभावकारी रुपले लागु गर्न,<br>• ढक्कनयुक्त फोहोरदानीको प्रयोग गर्न,<br>• खाद्य स्वच्छता कायम गरी खाद्य पदार्थ तयार गर्न निर्देशन दिइयो। |

नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| ३४ | २०८३/०६/२२ | टिप टप स्विट्स प्रा.लि. ललितपुर-१९, ललितपुर | • मोबाइल भ्यानको प्रयोगशालामा टिप टप स्विट्स प्रा.लि. द्वारा उत्पादित खुवा र रसबरीको नमूना संकलन गरी परिक्षण गर्दा मापदण्ड अनुकुल पाईयो,<br>• समग्र सरसफाई तथा व्यक्तिगत सरसफाईको अवस्था सामान्य रहेको पाइयो,<br>• तेलको TPM भ्यालु ७ भई मापदण्ड अनुकूल पाइयो। | • खाद्य स्वच्छता कायम गरी खाद्य पदार्थ तयार गर्न निर्देशन दिइयो। |
| ३५ | २०८३/०६/२२ | शिव फूड्स प्रा.लि. ललितपुर-१९, ललितपुर | • मोबाइल भ्यानको प्रयोगशालामा शिव फूड्स प्रा.लि. द्वारा उत्पादित खुवा, रसबरी र कलाकनको नमूना संकलन गरी परिक्षण गर्दा मापदण्ड अनुकुल पाईयो।<br>• समग्र सरसफाई तथा व्यक्तिगत सरसफाईको अवस्था सामान्य रहेको पाइयो,<br>• तेलको TPM भ्यालु १४ भई मापदण्ड अनुकूल पाइयो। | • खाद्य स्वच्छता कायम गरी खाद्य पदार्थ तयारी तथा बिक्रीवितरण गर्न निर्देशन दिइयो। |

| | | | | |
|---|---|---|---|---|
| ३६ | २०८३/०६/२२ | उज्जल फुड्स उद्योग, ललितपुर-१५, ललितपुर | • अनुमतिपत्र नलिई उद्योग संचालन गरी दालमोठ, फुरनदाना, भुटेको चना, भुटेको बदाम लगायतका खाद्य पदार्थ उत्पादन तथा विक्रिवितरण गर्ने गरेको पाइयो,<br>• उद्योगको भण्डारण तथा प्रशोधन कक्ष अव्यवस्थित रहेको पाइयो,<br>• खाद्य पदार्थमा अव्यवस्थित तरिकाले कृत्रिम खाद्य रंगको प्रयोग गर्ने गरेको पाइयो,<br>• खाद्य पदार्थ भूईंमा बसेर अव्यवस्थित तरिकाले तयारी गर्ने गरेको पाईयो। | • अनुमती पत्र लिएर मात्र उत्पादन तथा विक्रि वितरण गर्ने,<br>• उद्योगमा उत्पादन भएका खाद्य पदार्थ जस्तैः दालमोठ १५० के जि (एक सय पचास के जी), फुरनदाना १३० के जी (एक सय तीस के जी), हरियो केराउ ३० के जी (तीस के जि), बदाम १० केजि (दश के जी) र मकै १५ केजी (पन्ध्र के जी) विक्री वितरण गर्न तथा उद्योगको समग्र उत्पादनमा रोक्का गरियो।<br>• थप अनुसन्धानका लागि प्रयोगशाला परिक्षण गर्न फुरनदाना र दालमोठको नमूना संकलन गरियो। |
| ३७ | २०८३/०६/२२ | अन्सारी माछा फर्म गोदावरी-१२, ललितपुर | • फर्म दर्ता नगरी संचालन गर्ने गरेको पाइयो,<br>• सरसफाईको अवस्था सामान्य रहेको पाइयो। | • खाद्य स्वच्छता कायम गरी विक्रि वितरण गर्न,<br>• उद्योग वाणिज्य तथा पर्यटन कार्यालय, ललितपुर द्वारा रु.१५,००० (रु. पन्ध्र हजार मात्र) जरिवाना गरिएको। |
| ३८ | २०८३/०६/२२ | प्राण मिट सप, गोदावरी न.पा १२, ललितपुर | • करीब तीन के जी पाँच सय ग्राम (३.५ के जी) मासु ब्रिग्रिएको अवस्थामा भेटियो,<br>• फ्रिजमा भण्डारण गरीएको मासु नछोपिकन राखिएको पाइयो।<br>• सरसफाईको अवस्था सामान्य रहेको। | • बिग्रिएको मासु करीब तीन के जी पाँच सय ग्राम (३.५ के.जी) जफत गरी नष्ट गरियो,<br>• व्यक्तिगत सरसफाईमा विषेश ध्यान दिन,<br>• हेयर क्याप, एप्रोन तथा माक्स प्रयोग गर्न,<br>• फ्रिजको उपयुक्त तापक्रम नियमित रुपमा निरीक्षण गरी चिसो सुनिश्चित गर्न निर्देशन दिइयो। |

| | | | | |
|---|---|---|---|---|
| ३९ | २०८३/०६/२२ | कोइराला मार्ट प्रा.लि., काठमाडौं-२९, काठमाडौं | • केहि दलहनको लेबलमा अनुमतिपत्र नं. उल्लेख नभएको पाइयो,<br>• सरसफाईको अवस्था सन्तोषजनक रहेको पाइयो,<br>• जीवित कीटजन्य जीवको संक्रमण नदेखिनुका साथै कीट नियन्त्रणको व्यवस्था सामान्य रहेको पाइयो,<br>• Expired Zone को व्यवस्था भएको,<br>• उपभोग्य मिति समाप्त भएका खाद्य पदार्थ बिक्रीवितरण नभएको पाइयो,<br>• भण्डारणको उचित व्यवस्था भएको पाइयो। | • पूर्ण लेबल विवरण भएका तथा खाद्य अनुमतिपत्र लिएका उद्योगबाट उत्पादित खाद्य पदार्थ मात्र विक्रि वितरण गर्न,<br>• अनुमतिपत्र नं लेबलमा उल्लेख नभएको दलहनलाई स्टोरबाट हटाउन लगाइएको,<br>• खाद्य स्वच्छता कायम गरी खाद्य पदार्थ तयारी तथा विक्रीवितरण गर्न निर्देशन दिइयो। |
| ४० | २०८३/०६/२२ | फेमिली जेनेरल स्टोर काठमाडौं २९-सामाखुसी, काठमाडौं | • स्टोरमा बाह्र (१२) थान जामुन जुस उपभोग्य मिति समाप्त भएको पाइयो,<br>• केहि खाद्य पदार्थको लेबलमा अनुमतिपत्र नं. उल्लेख नभएको पाइयो,<br>• Expired Zone को व्यवस्था भए पनि सन्तोषजनक नरहेको पाइयो,<br>• सरसफाई तथा कीट नियन्त्रणको व्यवस्था सामान्य रहेको पाइयो।<br>P | • उपभोग्य मिति समाप्त भएको बाह्र (१२) थान जामुन जुस नष्ट गरियो,<br>• पूर्ण लेबल विवरण भएका तथा खाद्य अनुमति लिएका उद्योगबाट उत्पादित खाद्य पदार्थ मात्र विक्रिवितरण गर्न,<br>• अनुमतिपत्र नं लेबलमा उल्लेख नभएको खाद्य पदार्थ स्टोरबाट हटाउन लगाइएको,<br>• Expired Zone थप व्यवस्थित गर्न,<br>• थप अनुसन्धानको कार्य काठमाडौं म.न.पाद्वारा अगाडी बढाइएको। |
| ४१ | २०८३/०६/२२ | सेतो चण्डी स्याङ्जाली स्टोर, काठमाडौं २९-सामाखुसी, काठमाडौं | • केहि अपूर्ण लेबल विवरण भएका खाद्य पदार्थ बिक्रीवितरण भइरहेको पाइएको,<br>• खाद्य तथा अखाद्य खाद्य पदार्थ संगसंगै बिक्रीवितरण भएको पाइयो,<br>• कीट नियन्त्रणको व्यवस्था प्रयाप्त नभएको,<br>• सरसफाईको अवस्था सामान्य रहेको,<br>• Expired Zone को व्यवस्था भएको पाइयो। | • सरसफाई तथा कीट नियन्त्रणको व्यवस्था थप प्रभावकारी गर्न,<br>• पूर्ण लेबल विवरण भएका तथा खाद्य अनुमति लिएका उद्योगबाट उत्पादित खाद्य पदार्थ मात्र विक्रिवितरण गर्न निर्देशन। |

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग बबरमहल, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| ४२ | २०८३/०६/२२ | मेगा मार्ट प्रा.लि. काठमाडौ.-२९, सामाखुशी, काठमाडौं | • सरसफाईको अवस्था सन्तोषजनक रहेको पाइयो,<br>• कीट नियन्त्रणको व्यवस्था भएको पाइयो,<br>• Expired Zone को व्यवस्था रहेको,<br>• उपभोग्य मिति समाप्त भएका खाद्य पदार्थ बिक्रि वितरण नभएको पाइयो। | • पूर्ण लेबल विवरण भएका तथा खाद्य अनुमति लिएका उद्योगबाट उत्पादित खाद्य पदार्थ मात्र बिक्रि वितरण गर्ने,<br>• खाद्य स्वच्छता कायम राख्न निर्देशन दिइएको। |
| ४३ | २०८३/०६/२३ | खड्का डेरी एण्ड कफी सप, गोकर्णेश्वर न.पा.-०८, काठमाडौं | • विल विजक बिना खाद्य पदार्थहरुको खरिद गरेको पाइयो,<br>• दुधजन्य खाद्य पदार्थ जस्तै दुध, दही र पनिर खड्का डेरी नँया पाटीबाट खरिद गरेको भनि जानकारी प्राप्त भएको। | • दर्ता गरेर मात्र पसल सञ्चालन गर्ने,<br>• लेबल नभएका तथा खाद्य अनुमतिपत्र नभएका खाद्य पदार्थ खरिद तथा बिक्रीवितरण नगर्ने,<br>• लेबल विवरणमा उल्लेख भए बमोजिमको तापक्रम र आद्रता अनुसार भण्डारण गर्ने। |
| ४४ | २०८३/०६/२३ | श्री गणेश दुग्ध सागर, गोकर्णेश्वर न.पा.-०८, काठमाडौं | • विसमरा गाई फर्म साँखु पालुबारीबाट दुध खरिद गरी पसलबाट बिक्रीवितरण गर्ने गरेको। | • लेबल नभएका तथा खाद्य अनुमतिपत्र नभएका खाद्य पदार्थ खरिद तथा बिक्रीवितरण नगर्ने,<br>• लेबल विवरणमा उल्लेख भए बमोजिमको तापक्रम र आद्रता अनुसार भण्डारण गर्ने,<br>• पसल तथा भण्डारण स्थल व्यवस्थित रुपमा राख्नुपर्ने,<br>• थप अनुसन्धानका लागि प्रयोगशाला परिक्षण गर्न पसलबाट बिक्री हुने दुधको नमूना संकलन गरियो। |

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग बबरमहल, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| ४५ | २०८३/०६/२३ | साझा दुध डेरी, गोकर्णेश्वर न.पा.-०८, काठमाडौं | • विल विजक बिना खाद्य पदार्थहरुको खरिद गरेको पाइयो,<br>• नाङ्गले भारे काठमाडौंबाट दुध खरिद गर्ने गरेको जानकारी प्राप्त भयो। | • लेबल नभएका तथा खाद्य अनुमतिपत्र नभएका खाद्य पदार्थ खरिद तथा बिक्रीवितरण नगर्ने,<br>• लेबल विवरणमा उल्लेख भए बमोजिमको तापक्रम र आद्रता अनुसार भण्डारण गर्ने,<br>• थप अनुसन्धानका लागि प्रयोगशाला परिक्षण गर्न पसलबाट बिक्री हुने दुध र घ्यूको नमूना संकलन गरियो। |
| ४६ | २०८३/०६/२४ | ए.पि डेरी पसल, ललितपुर म.न.पा.-२३, ललितपुर | • विल विजक बिना खाद्य पदार्थहरुको खरिद गरेको पाइयो,<br>• सरसफाईको अवस्था सामान्य रहेको पाइयो,<br>• ललितपुर स्थित मनिखेल, घुसेल र धापाखेल क्षेत्रबाट दुध खरिद गरेको भनि जानकारी प्राप्त भएको। | • खाद्य अनुमतिपत्र नभएका खाद्य पदार्थ खरिद बिक्री नगर्न,<br>• पसल तथा भण्डारण स्थानलाई व्यवस्थित गर्न,<br>• थप अनुसन्धानका लागि प्रयोगशाला परिक्षण गर्न पसलबाट बिक्री हुने खुल्ला दुध (गाई र भैसी) को नमूना संकलन गरियो। |
| ४७ | २०८३/०६/२४ | रोशनी डेरी, ललितपुर म.न.पा.-२३, ललितपुर | • विल विजक बिना खाद्य पदार्थहरुको खरिद गरेको पाइयो,<br>• सरसफाईको अवस्था सामान्य रहेको पाइयो,<br>• ललितपुर स्थित चापागाँउ र ठैव क्षेत्रबाट ठेकेदार मार्फत दुध खरिद गरी दुध तथा दुधजन्य पदार्थ पसलबाट बिक्रीवितरण गर्ने गरेको पाइयो। | • लेबल नभएका तथा खाद्य अनुमतिपत्र नभएका खाद्य पदार्थ खरिद तथा बिक्रीवितरण नगर्न,<br>• लेबल विवरणमा उल्लेख भए बमोजिम खाद्य पदार्थलाई सुरक्षित तापक्रम र आद्रता कायम गरी भण्डारण गर्न,<br>• पसल तथा भण्डारण स्थल व्यवस्थित रुपमा राख्न,<br>• थप अनुसन्धानका लागि प्रयोगशाला परिक्षण गर्न पसलबाट बिक्री हुने खुल्ला दुध (गाई र भैसी) को नमूना संकलन गरियो। |

| | | | | |
|---|---|---|---|---|
| ४८ | २०८३/०६/२४ | संयुक्त डेरी एण्ड फुड्स प्रा.लि., ललितपुर म.न.पा-१५, ललितपुर | • चिस्यान कक्षमा लेबल बिना दही भण्डारण गरेको पाइयो,<br>• सरसफाईको अवस्था सन्तोषजनक रहेको पाइयो,<br>• दुध पाउडर भण्डरण कक्ष व्यवस्थीत रहेको पाइयो। | • दुधजन्य खाद्य पदार्थ बिक्रीवितरण तथा भण्डारण गर्दा अनिवार्य रुपमा लेबल राख्न निर्देशन दिइयो,<br>• थप अनुसन्धानका लागि प्रयोगशाला परिक्षण गर्न पसलबाट बिक्री हुने दुध र घ्यूको नमूना संकलन गरियो। |
| ४९ | २०८३/०६/२४ | ग्रिन तारा हस्पिटालिटी प्रा.लि., काठमाडौं म.न.पा.-०३, महाराजगंज **(मन्त्र थकाली भनेर चिनिने)** | • भान्सा कोठाको सरसफाई सन्तोषजनक नपाइएको<br>• पकाइएको खाद्य पदार्थ नछोपी भण्डारण गरेको<br>• फ्रीज तथा भान्सा कोठामा किटजन्य पदार्थ (सांग्ला, भुसुना) देखिएको<br>• किचनमा ड्रेनेजको सरसफाई सन्तोषजनक नरहेको<br>• फ्रिजमा खाद्य वस्तुको अव्यवस्थित भण्डारण गरेको<br>• भान्सा कोठाको डस्टबिन खुला तथा फोहोर रहेको<br>• फ्राईड आलु मसीजन्य कागज (पत्रिका) मा भण्डारण गरेको<br>• **खानामा किरा पर्ने सम्भावना देखिएको** | • **संयुक्त अनुगमन को क्रममा त्यस व्यवसायमा गम्भिर कैफियत पाइएकोले उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम रु. २,५०,०००/- जरिवाना गरिएको,**<br>• पकाएको खाद्य पदार्थ राम्ररी छोपेर भण्डारण गर्ने,<br>• किट नियन्त्रणको व्यवस्था थप प्रभावकारी बनाउने,<br>• सरसफाईमा विशेष ध्यान दिने,<br>• खाद्य पदार्थ राख्न मसिजन्य कागज (पत्रिका) को प्रयोग नगर्ने,<br>• फ्रिज तथा भान्साकोठाको भण्डारण व्यवस्थित गरी खाद्य स्वच्छता कायम राख्ने,<br>• पत्रिकामा भण्डारण गरिएको फ्राइड आलु करिब १ किलो नष्ट गरिएको,<br>• **अनुगमनको क्रममा देखिएका कैफियतहरु निर्देशन बमोजिम सुधार गरी ७ दिन भित्र सुधारको प्रमाण सहित विभागमा उपस्थित हुन निर्देशन दिएको अन्यथा, प्रचलित खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम थप कारबाही हुने ।** |